# National News

## 20 June 2024

**मुख्य समाचार**

- **प्रधानमन्त्री श्री मोदीले भोलि श्रीनगरमा दशौं अन्तर्राष्ट्रिय योग दिवस समारोहको नेतृत्व गर्नुहुने**
- **तमिलनाडुमा विषाक्त मदिरा सेवनबाट ३५ जनाको मृत्यु**
- **सर्वोच्च न्यायालयले NEET-UG पेपर लीक सम्बन्धी विभिन्न उच्च न्यायालयमा विचाराधीन मुद्दाहरूको सुनुवाईमा लगायो रोक**
- **बिहारमा आरक्षणलाई बढाएर ६५ प्रतिशतमा बनाउने राज्य सरकारको निर्णय पटना उच्च न्यायालयद्वारा खारेज**
- **दिल्लीमा गर्मीका कारण थप १३ जनाको मृत्यु**
- **टी–ट्वान्टी क्रिकेट विश्वकपमा भारत र अफगानिस्तानको भिडन्त हुदै**

**प्रधानमन्त्री योग**

प्रधानमन्त्री श्री नरेन्द्र मोदी जम्मु कश्मीरको दुई दिने भ्रमणमा आज दिउँसो श्रीनगर पुग्नुभयो। प्रधानमन्त्रीले भोलि श्रीनगरमा हुने दशौं अन्तर्राष्ट्रिय योग दिवस समारोहको नेतृत्व गर्नुहुनेछ।
तेस्रो पटक प्रधानमन्त्री बनेपछि श्री मोदीको यो पहिलो जम्मू कश्मीर भ्रमण हो। श्रीनगरको विश्व प्रसिद्ध डल तालको किनारमा रहेको शेर-ए-कश्मिर अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा भोलि हुने योग दिसव समारोहमा लगभग सात हजार मानिसले सहभागिता जनाउने सम्भावना छ। जम्मू कश्मीरका लेफ्टिनेन्ट गभर्नर श्री मनोज सिन्हाले श्रीनगरमा योग दिवसको मुख्य कार्यक्रम आयोजना गर्न र सहभागिता जनाउनु भएकोमा प्रधानमन्त्रीलाई धन्यवाद दिनुभएको छ।

**तमिलनाडु विषाक्त मदिरा**

तमिलनाडुको कल्लाकुरिचीमा विषाक्त मदिरा सेवनबाट ३५ जनाको मृत्यु भएको छ भने सयभन्दा धेरैको विभिन्न अस्पतालमा उपचार भइरहेको छ। प्रभावितहरूलाई पुडुचेरीको कल्लाकुरिची, सलेम र जीपमरका विभिन्न अस्पतालहरूमा भर्ना गरिएको छ। कल्लाकुरिचीका जिल्ला अधिकारीको सरुवा गरिएको छ भने १० जना पुलिस अधिकारीलाई निलम्बन गरिएको छ । आरोपी चिन्ना दुराईलाई पक्राउ गरिएको छ। पुलिसले दुई सय लिटर अवैध मदिरा जफत गरी अनुसन्धानका लागि पठाएको छ।
यसैबीच, तमिलनाडु सरकारले विषाक्त मदिरा त्रासदीमा परी ज्यान गुमाएकाका परिवारलाई 10-10 लाख रुपियाँ र उपचार गराइरहेका प्रत्येकलाई ५० हजार रुपियाँ दिने घोषणा गरेको छ । मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै मुख्यमन्त्री श्री एम के स्टालिनले अवैध मदिरा बिक्रीमा संलग्न अपराधीलाई सरकारले कडा कारबाही गर्ने बताउनु भयो । श्री स्टालिनले अनियमितताबारे छानबिन गर्न आयोग गठन गरिएको जानकारी पनि दिनुभयो।

## सर्वोच्च न्यायालय - NEET

सर्वोच्च न्यायालयले आज कथित NEET-UG पेपर लीक सम्बन्धी देशका विभिन्न उच्च न्यायालयमा विचाराधीन मुद्दाहरूको सुनुवाईमा रोक लगाएको छ। न्यायमूर्ति विक्रम नाथको नेतृत्वमा रहेको अकाश पीठले NEET परीक्षा सञ्चालन गर्ने राष्ट्रिय परीक्षण एजेन्सी - NTA को स्थानान्तरण याचिकाको सुनुवाई गर्दा यो रोक लगाएको हो। सुनुवाइका क्रममा एनटीएका वकिलले सर्वोच्च न्यायालयले गत सप्ताह यस्तै स्थानान्तरण निवेदनमा नोटिस जारी गरे तापनि NEET-UG परीक्षामा भएको अनियमितताका मुद्दा विभिन्न उच्च अदालतमा सुनुवाइ भइरहेको बताउनु भयो।

सर्वोच्च न्यायालयमा स्थानान्तरण याचिकाहरू अनि परीक्षा खारेजीको माग गरिएका याचिकाहरूमाथि अब 8 जुलाईको दिन सुनुवाइ हुनेछ।

## निर्मला - पूर्व बजेट

वित्त तथा कर्पोरेट मामिला मन्त्री श्रीमती निर्मला सीतारमणले आज नयाँ दिल्लीमा वित्तीय र पूँजी बजार क्षेत्रका प्रमुख विशेषज्ञहरूसँग प्रि-बजेट परामर्शको दोस्रो अनि उद्योग जगतका नेताहरू र संघहरूसँग तेस्रो चरणको परामर्श सत्रको अध्यक्षता गर्नुभयो।

बैठक आगामी वित्त वर्ष २०२४-२५ को बजेटको सन्दर्भमा भएको हो। पूर्व-बजेट परामर्श बैठकमा केन्द्रीय वित्त राज्यमन्त्री श्री पंकज चौधरी, वित्त सचिव, आर्थिक मामिला, राजस्व, वित्तीय सेवा र कर्पोरेट मामिला विभागका सचिवहरू र मुख्य आर्थिक सल्लाहकारको पनि उपस्थिति रहेको थियो।

## बंगलादेश प्रधानमन्त्री -भ्रमण

बंगलादेशकी प्रधानमन्त्री श्रीमती शेख हसिना भोलिदेखि दुई दिने भारत भ्रमणमा आउँदै हुनुहुन्छ। यस क्रममा उहाँले प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग द्विपक्षीय वार्ता गर्नुहुनेछ। यसका साथै उहाँले राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु र उपराष्ट्रपति श्री जगदीप धनखडसँग पनि भेट गर्नुहुनेछ। उहाँले विदेशमन्त्री डा. एस जयशंकरसँग पनि भेट गर्नु हुनेछ।

## न्यायालय-बिहार आरक्षण

पटना उच्च न्यायालयले बिहारमा सरकारी नोकरी र शैक्षिक संस्थाहरूमा पछौटे वर्ग, अति पछौटे वर्ग, अनुसूचित जाति र अनुसूचित जनजातिको आरक्षणलाई ५० प्रतिशतबाट बढाएर ६५ प्रतिशत बनाउने राज्य सरकारको निर्णयलाई खारेज गरिदिएको छ। प्रधानन्यायाधीश न्यायमूर्ति के. विनोद चन्द्रन अनि न्यायमूर्ति हरिश कुमारको खण्ड पिठले आरक्षण ५० प्रतिशतबाट बढाएर ६५ प्रतिशत पुऱ्याउने सम्बन्धमा संवैधानिक वैधतालाई चुनौती दिने धेरै याचिकाहरूको सुनुवाइपछि गत ११ मार्च मा फैसला सुरक्षित राखेको थियो। आरक्षण सीमा बढाउने विधेयक विधानसभाबाट पारित भएपछि प्रदेश सरकारले गत नोभेम्बरमा सम्बन्धित ऐनलाई अधिसूचित गरेको थियो। यसको उद्देश्य सरकारी नोकरी र शैक्षिक संस्थाहरूमा आरक्षण कोटा ५० प्रतिशतबाट बढाएर ६५ प्रतिशत पुऱ्याउने थियो। आर्थिक रूपमा कमजोर वर्गहरूका लागि विद्यमान 10 प्रतिशत कोटाको साथ राज्यमा समग्र आरक्षण सीमा बढेर 75 प्रतिशत पुगेको छ।

## जयशंकर श्रीलंका

विदेशमन्त्री डा. एस जयशंकर श्रीलंकाको औपचारिक भ्रमणमा आज कोलम्बो पुग्नु भयो। यस अवधिमा डा. जयशंकरले श्रीलंकाका शीर्ष नेतृत्वसँग द्विपक्षीय साझेदारीका बृहत् मुद्दाहरूमा भेटवार्ता गर्नुहुनेछ। प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्वमा नयाँ सरकार बनेपछि विदेशमन्त्रीको यो पहिलो भ्रमण हो ।

## दिल्ली जल संकट

राष्ट्रिय राजधानीमा विगत दुई सातादेखि चर्को गर्मीका बीचमा विभिन्न भागमा मानिसहरूले पानीको चरम अभावको सामना गरिरहेका छन्। सहरका धेरै क्षेत्रहरूमा पानीको आपूर्ति थोरै छ वा लगभग छैन। मानिसहरूलाई पानीको ट्याङ्कर र बोरवेलमा भर पर्न बाध्य पारिएको छ। यमुना नदीमा पानीको बहाव कम भएकाले र महत्वपूर्ण जल प्रशोधन केन्द्रमा प्राविधिक समस्याका कारण राजधानीमा पानीको अभाव भएको बताइएको छ । खानेपानीको अभावका कारण प्रदर्शन पनि भइरहेका छन् । आम आदमी पार्टीको सरकारले हरियाणालाई दिल्लीको अंशको पानी नदिएको आरोप लगाएको छ।

## गर्मी मृत्यु

राष्ट्रिय राजधानी र उत्तर भारतका धेरै भागहरू अत्यधिक गर्मीको चपेटमा छन्। पछिल्लो २४ घण्टामा दिल्लीको **सफदरजंग** अस्पतालमा गर्मीका कारण १३ जनाको मृत्यु भएको छ भने ३३ जनाको उपचार भइरहेको छ । हिजोसम्म दिल्लीको राममनोहर लोहिया अस्पतालमा नौ बिरामीको मृत्यु भइसकेको थियो । अन्य ठूला अस्पतालमा पनि गर्मीका बिरामी बढ्दै गएका छन् ।

स्वास्थ्य मन्त्रालयले हिजो एउटा परामर्श जारी गर्दै राज्यका स्वास्थ्य विभागलाई चरम गर्मीका कारण हुने रोगसँग जुध्न तयार रहन र समयमै उपचारको व्यवस्था मिलाउन आग्रह गरेको थियो । मौसम विभागलाई अत्याधिक गर्मीको दैनिक चेतावनीको जानकारी दिन भनिएको छ।

## RBI - गभर्नर

रिजर्भ बैंक अफ इन्डियाका गभर्नर श्री शक्तिकान्त दासले आर्टिफिसियल इन्टेलिजेन्स, मेसिन लर्निङ र बिग डाटा एनालिटिक्स जस्ता उन्नत र उदीयमान प्रविधिहरूले वित्तीय संस्थाहरूमा परिवर्तन ल्याउने सम्भावना रहेको बताउनु भएको छ। मुम्बईमा रिजर्व बैंक अफ इन्डियाको कलेज अफ सुपरभाइजरद्वारा आयोजित एक कार्यक्रममा बोल्दै, श्री दासले भन्नुभयो, आर्टिफिसियल इन्टेलिजेन्स र मेसिन लर्निङले भविष्यका नतिजाहरू भविष्यवाणी गर्ने विश्लेषणलाई अझ बलियो बनाउन सक्छन्। यसले बैंक र गैर-बैंकिङ वित्तीय कम्पनीहरूलाई सम्भावित खतराहरू र प्रवृत्तिहरूलाई अझ सटीक रूपमा पहिचान गर्न सक्षम बनाउनेछ।

## टी–20  विश्वकप

आइसीसी टी–ट्वान्टी क्रिकेट विश्वकपको सुपर 8 समुह एक अन्तर्गत अहिले केहीबेरमा भारत र अफगानिस्तानको भिडन्त शुरु हुनेछ। म्याच भारतीय समय अनुसार अहिले ८ बजी सुरु हुनेछ।

यसभन्दा अघि, समूह–२ अन्तर्गतको खेलमा इंग्ल्याण्डले आयोजक वेस्ट इन्डिजलाई ८ विकेटले पराजित गऱ्यो। सोही प्रकारले गएराति भएको खेलमा दक्षिण अफ्रिकाले अमेरिकालाई १८ रनले पराजित गऱ्यो।